का.जि.प्र.का.द.नं. १००/०५९/६०
१८ फागुन २०८२
सोमबार
2 March 2026
Monday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २४, अंक ३९। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# आक्रामक रास्वपा र कांग्रेस घरदैलोमै एमाले









**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १७ फागुन ।

जेनजी आन्दोलनको पृष्ठभूमिमा हुन लागेको प्रतिनिधिसभा निर्वाचनको सबै तयारी पूरा भएको छ । निर्वाचन आयोगका कार्यवहाक प्रमुख आयुक्त रामप्रसाद भण्डारीका अनुसार आवश्यक निर्वाचन सामग्री र जनशक्ति सम्बन्धित क्षेत्रमा व्यवस्थापन भइसकेका छन् ।

२१ फागुनको निर्वाचनका लागि आयोगले तय गरेको निर्वाचन कार्यतालिका अनुसार राजनीतिक दलहरू पनि अगाडि बढे । फागुन ४ गतेदेखि चुनावी प्रचारप्रसार सुरु भएसँगै राजनीतिक दलहरू जनतासँग पुगे । आफ्ना प्रतिबद्धता जनाए । यसक्रममा स्वभाव र शैलीमा रास्वपा आक्रमक देखियो भने नेपाली कांग्रेसले पनि केही सहरमा मात्र केन्द्रित रह्यो । नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टी भने उम्मेदवारहरूमार्फत मतदाता रिझाउन घरदैलोमा पुगेको छ। चुनावी अभियानलाई नागरिकको घर दैलोमा पुऱ्याएका दलहरू आफ्नो पक्षमा परिणाम निकाल्न पृष्ठ २ मा

## कांग्रेसले फैलायो बदलिएको सन्देश



हामीले नागरिकका कुरा सुन्ने, आफ्ना कुरा भन्ने र बदलिएको कांग्रेसका एजेण्डा जनतामाझ पुऱ्याउने अभियान अन्तर्गत घरदैलो र आवश्यक चुनावी सभाहरू गऱ्यौं ।

**देवराज चालिसे**
प्रवक्ता, नेपाली कांग्रेस

निर्वाचनको सम्मुखमा आइपुग्दा आइतबार मात्रै कांग्रेसले काठमाडौं उपत्यकाका ६ स्थानमा ठूला चुनावीसभा आयोजना गऱ्यो । काठमाडौंका १० वटा र भक्तपुरका २ वटा निर्वाचन क्षेत्र केन्द्रित ती चुनावीसभाहरू कीर्तिपुर, भक्तपुर, पेप्सीकोला, बालाजु, सामाखुसी र बालुवाखानीमा गरिएको कांग्रेसले जनाएको छ। १५ गते बुटवल, पोखरा र बागलुङ गरी एकैदिन तीनवटा चुनावी सभा गरेको पृष्ठ २ मा

## रास्वपाले माग्यो बहुमत



चुनाव नजिकिँदै जादा उर्लिएको जनसागर जनमतमा बदलिने अपेक्षामा हामी छौं ।

**प्रतिभा रावल**
सहप्रवक्ता, रास्वपा

चितवन र काठमाडौंको चुनावी सभापछि रास्वपाका बरिष्ठ नेता बालेन शाह आइतबार झापा पुगेका छन् । रास्वपाले गत फागुन ६ बाट धनगढीबाट सुरु गरेको निर्वाचन केन्द्रित चुनावी अभियान देशव्यापी बनायो । त्यसक्रममा उसले सरकार बनाउन सक्ने गरी जनतासँग बहुमत मागेको छ ।

विशाल प्रदर्शन र आम सभामार्फत आफ्नो चुनावी यात्रालाई आक्रमक बनाएको रास्वपाले आफ्नो पक्षमा अधिक जनमता बदलिएको सन्देश दिएको छ ।

रास्वपाले शनिबार काठमाडौंमा बालेन शाह र रवी लामिछानेले संयुक्तरूपमा गरेको चुनावी यात्रामा व्यापक जनसहभागिता थियो । त्यस्तै शुक्रबार साझामा गरेको चुनावीसभामा त्यत्तिकै बलियो समर्थन देखिएको थियो । रवि र बालेनले संयुक्तरूपमा सहभागी भई गरिएका सभा तथा चुनावी यात्रामा देखिएको पृष्ठ २ मा

## जनसम्पर्कबाट चुनाव जित्ने एमाले–नेकपा रणनीति



हामी निरन्तर जनतामाझ छौं । जनताको मत पाउने कोसिसमा छौं ।

**विष्णु रिमाल**
नेता, एमाले



हामीले यो पटक जनताकै घरआँगनमा पुगेर मत मागेका छौं ।

**अग्नि सापकोटा**
नेता, नेकपा

नेकपाले शनिबार कपिलबस्तु, रोल्पा, रुपन्देहीमा ठूला चुनावीसभा गरेको छ । त्यसअघि देशव्यापीरूपमा चुनावी कार्यक्रमलाई व्यापक बनाइएपनि ठूला सभा भने खासै नभएको नेकपाका नेता अग्नि सापकोटाले बताए ।

धेरैजसो ठूला सभा भन्दा पनि प्रत्यक्ष जनतालाई भेट्ने र आफ्ना एजेण्डा जनतामाझ प्रष्ट पारेर मत माग्ने व्यस्त रहेको पृष्ठ २ मा

# मध्यपूर्वमा युद्ध नेपालमा तनाव

## एक नेपालीको मृत्यु

**सपना बोहरा**-*काठमाडौं* र **तिलु शर्मा पौडेल**-*कतार/मध्यान्ह*

सात समुद्रपारी मध्यपूर्वमा युद्ध चर्किंदा धुलिखेलकी सरस्वती खड्काको मन अशान्त छ । उनी घरीघरी फोन हेरिरहन्छिन् । दुबईमा रहेकी छोरीलाई भिडियो कल गर्छिन् । हालखबर सोध्छिन् । छोरी अहिलेसम्म सुरक्षित नै छिन् । तर युद्धको लप्का कहाँकहाँसम्म पुग्नेको कुनै टुंगो छैन ।

उनकी छोरी शर्मिला दुबईको एउटा होटलमा वेटरको काम गर्छिन् । छोरीले भिडियो कलमा हमलाको साइरन बजेको सुनाउँछिन् । दुबईमा भएकी छोरीको चिन्ता गर्दै भन्छिन्, 'विदेश नजा भनेको मानिनँ । रोजगारी छैन भन्दै गई । अहिले छोरी टाढा छ । हामीलाई के हुने हो भन्ने चिन्ता छ ।' शनिबारदेखि अमेरिका र इजरायलले इरानमा गरेको आक्रमणको त्रास दुबईसम्म फैलिएको छ ।

सिन्धुपाल्चोककी प्रविना मल्लले मध्यपूर्व हमला भएको खबर सामाजिक सञ्जालमा देखेदेखि उनको भोक-निन्द्रा हराएको छ। उनका श्रीमान सुरेश मल्ल ५ वर्षदेखि इराकमा छन् । युद्धका छरपष्ट भिडियोले उनको चिन्ता बढाएको छ। चैते दशैंमा आउने तयारी गरिरहेका सुरेशले आफूहरू सुरक्षित रहेको भन्दै परिवारलाई हौसला दिन्छन् ।

इजरायल, अमेरिका र इरानबीचको युद्धका कारण लाखौं नेपाली कार्यरत रहेको मध्यपूर्वमा असुरक्षा बढेपछि वैदेशिक रोजगारीमा रहेका नेपालीका परिवारमा चिन्ता बढाएको छ । युद्ध कति लम्बिने हो र कहाँकहाँ प्रभाव पर्ने हो कुनै एकिन छैन ।

यता नेपाल सरकारले मध्यपूर्व क्षेत्रमा पछिल्लो समय विकसित घटनाक्रमपछि त्यहाँ रहेका १७ लाख बढी नेपालीलाई सम्बन्धित मुलुकको सुरक्षा निर्देशन पालना पृष्ठ २ मा





**मारिए सर्वोच्च नेता खामेनी**

विस्तृत पृष्ठ २ मा

# रोकिएन आचारसंहिता उल्लंघन निरीह निर्वाचन आयोग

## ठूला दलहरू नै अटेरी

**प्रत्यक्षतर्फबाट निर्वाचित हुने १६५ सिटका लागि ३ हजार ४०६ जना उम्मेदवार छन् । यसमध्ये १८६५ जनाले चुनावी कारोबार गर्न छुट्टै बैंक खाता खोले । बाँकी १५४१ उम्मेदवारले छुट्टै बैंक खाता खोलेनन् । आचारसंहिता उल्लंघन वा निर्वाचन आयोगको आग्रहको अटेरी हो ।**



निर्वाचनपूर्वको अनुगमनको क्रममा उम्मेदवारहरुबाट निर्वाचन आचारसंहिताको पूर्ण परिपालना हुन नसकेको पाइएको छ ।

**डा. टीकाराम पोखरेल**
प्रवक्ता, राष्ट्रिय मानव अधिकार आयोग

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १७ फागुन

निर्वाचनलाई स्वच्छ, निश्पक्ष र मर्यादित बनाउन निर्वाचन आयोगले निर्वाचन आचारसंहिता लागू गरेको छ । तर, आचारसंहिताको उल्लंघन गर्ने प्रवृति भने निर्वाचन प्रचारप्रसार अवधिभर रोकिएन ।

निर्वाचन आचारसंहिता पालनाको सन्दर्भमा ठूला भनिएका दलहरू नै गम्भीर नरहेको पाइएको छ । मुलुककै नेतृत्व गर्ने गरी जनतासँग जनमत मागिरहेका दलहरूले निर्वाचन आचारसंहिताको पालनामा भने ध्यान दिइरहेका छैनन् ।

निर्वाचन आयोगका अनुसार ६७ दल प्रत्यक्षतर्फ चुनावी मैदानमा छन् । त्यसमध्ये ११ दलले मात्रै चुनावी खर्चसम्बन्धी कारोबार गर्न छुट्टै बैंक खाता खोलेका छन् । ५६ दलले निर्वाचन आयोगले तय गरे अनुसार आचारसंहिताको पालना गरेनन् ।

निर्वाचन आयोगका अनुसार नेपाली कांग्रेस, राष्ट्रिय जनमोर्चा, नेकपा (संयुक्त), नेपाली कम्युनिष्ट पार्टी, नेपालका लागि नेपाली पार्टीले छुट्टै बैंक खाता खोलेका छन् । जनता समाजवादी पार्टी (जसपा), संयुक्त




नागरिक पार्टी, मितेरी पार्टी, नेपाल जनता संरक्षण पार्टी, नेपाल मजदुर किसान पार्टी र राष्ट्रिय जनमुक्ति पार्टीले पनि छुट्टै बैंक खाता खोले । तर, राष्ट्रिय स्वतन्त्र पार्टी, नेकपा एमाले लगायतका दलहरूले भने चुनावी खर्चसम्बन्धी कारोबार गर्न छुट्टै बैंक खाता खोलेका छैनन् ।

प्रत्यक्षतर्फबाट निर्वाचित हुने १६५ सिटका लागि ३ हजार ४०६ जना उम्मेदवार पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# १२ मुलुकका लागि श्रम स्वीकृति स्थगित

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ फागुन

इजरायल, अमेरिका र इरानबीचको युद्धका कारण लाखौं नेपाली कार्यरत रहेको मध्यपूर्वमा असुरक्षा बढेपछि वैदेशिक रोजगार विभागले अस्थायी रूपमा श्रम स्वीकृति रोकेको छ ।

तनाव कति लामो समय जाने हो एकिन नभएपछि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको निर्देशनपछि संस्थागत तथा व्यक्तिगत श्रम स्वीकृति रोकिएको विभागका उपमहानिर्देशकचन्द्रबहादुरसिवाकोटीले जानकारी दिए ।

उनले भने, 'श्रम स्वीकृति पाएकाहरू विमानस्थलमा अलपत्र परेको र उताबाट उद्धारको अवस्था नदेखिएपछि अस्थायी रूपमा हाललाई रोक्ने निर्णय भएको छ ।'

विभागको वैदेशिक श्रम स्वीकृति शाखाले सूचना जारी गर्दै मध्यपूर्व तथा खाडी क्षेत्रमा उत्पन्न विषम परिस्थितिलाई मध्यनजर गर्दै साउदी अरेबिया, युएई, कतार, कुवेत, बहराइन, पृष्ठ २ मा

## वैदेशिक रोजगार संघको अपिल

**काठमाडौं/मस**– नेपाल वैदेशिक रोजगार व्यवसायी संघले मध्यपूर्व क्षेत्रमा विकसित पछिल्लो सुरक्षा परिस्थितिप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। संघका महासचिव महेशकुमार बस्नेतले एक अपिल जारी गर्दै उक्त क्षेत्रमा बसोबास तथा कार्यरत सम्पूर्ण नेपाली नागरिकलाई उच्च सतर्कता अपनाउन आग्रह पृष्ठ २ मा



मध्यान्ह
www.madhyanhadaily.com

१८ फागुन २०८२ सोमबार
2 March 2026 Monday

**आक्रमक...**
फरक-फरक रणनीतिमा रहेको देखिन्छ । रास्वपाले घरदैलोसँगै रोड सो र चुनावीसभालाई आक्रमक बनायो । कांग्रेसले पनि जनकपुर, सुर्खेत, पोखरा, बुटवल र काठमाडौंमा चुनावी सभा गऱ्यो । यी दलका उम्मेदवारले मतदातासँगको प्रत्यक्ष भेटघाटलाई निरन्तरता दिँदै पार्टीका शीर्ष नेताहरूले भने विभिन्न क्षेत्र, जिल्ला र प्रदेशस्तरिय आमसभाहरू मार्फत जनमत बदल्ने प्रयासमा रहे । चुनावीसभा मार्फत नेताहरूले आफ्नो दल सरकारमा पुगे के गर्ने ? भन्ने वाचासहित देशभरका मतदाताको ध्यानाकर्षण गराउँदै आफ्नो दललाई मत हाल्न  आग्रह गरेका छन् ।

कांग्रेस र रास्वपा चुनावीसभामार्फत आक्रमक देखिँदा एमाले रक्षात्मक अवस्थामा देखियो । नेपाली कम्युनिस्ट पार्टीले पनि छिटपुट चुनावीसभा गरेको छ । एमालेले भने यस पटक ठूला सभा गरेन । एमालेले ठूला चुनावी आमसभासहितका कार्यक्रमभन्दा घरदैलोलाई जोड दिएको छ । एमाले अध्यक्ष केपी शर्मा ओली झापा ५ मै केन्द्रित छन् भने अरु पदाधिकारीहरु पनि आआफ्नो क्षेत्रभन्दा बाहिर निस्किएनन् । मतदातालाई भेट्ने, गुनासो सुन्ने र कन्भिन्स गर्ने रणनीतिसहित एमालेले चुनावी अभियान अघि बढाएको छ ।

**कांग्रेसले...**
कांग्रेसले शनिबार सुदूरपश्चिममा ठूलो चुनावीसभा गरेको थियो ।

फागुन ६ गते जनकपुरबाट प्रतिज्ञापत्र सार्वजनिकीकरण गर्दै औपचारिकरूपमा सुरूभएको कांग्रेसको सार्वजनिक चुनावी कार्यक्रमहरू दैनिकजसो भईरहेका छन् । यी अधिकांश चुनावी सभालाई सभापति गगनकुमार थापा, उपसभापति विश्वप्रकाश शर्मा, पुष्पा भुसालसहितका नेताहरूले सम्बोधान गर्दै आएका छन् ।

सम्बोधनका क्रममा नेताहरूले विशेष महाधिवेशन मार्फत बदलिएको कांग्रेसले सरकारको नेतृत्व गरेर आगामी पाँच वर्षभित्र मुलुकलाई कस्तो बनाउँने भन्ने स्पष्ट खाका तयार गरिसकेकाले त्यसको कार्यान्वयनका लागि एकल सरकार बनाउनसक्ने मत दिन आग्रह गरेका छन् । नेपाली कांग्रेसका प्रवक्ता देवराज चालिसेले कांग्रेसले आफ्नो पाँच वर्षे योजना जनतामाझ पुऱ्याएर मत माग्नेकार्य जारी रहेको बताए ।

'चुनावमा नागरिकसँगको संवाद प्रधान विषय हो', उनले मध्यान्हसँग भने, 'हामीले नागरिकका कुरा सुन्ने, आफ्ना कुरा भन्ने र बदलिएको कांग्रेसका एजेण्डा जनतामाझ पुऱ्याउने अभियान अन्तर्गत घरदैलो र आवश्यक चुनावी सभाहरू गऱ्यौं । यी कार्यक्रमार्फत कांग्रेसप्रतिको जनताको आकर्षण बढ्दो छ ।'

**रास्वपाले...**
जनसागरलाई मतमा बदल्न सक्छ कि सक्दैन ? भन्ने आम चासो छ ।

कार्यक्रममा सहभागी नागरिकहरू सबैले मत हाल्ने आशा रास्वपाको भए पनि अन्य राजनीतिक दल तथा विश्लेषकहरूले रास्वपाले भनेजस्तो जनमत बटुल्ने सम्भावना नरहेको बताएका छन् ।

रास्वपाकी सहप्रवक्ता प्रतिभा रावलले नागरिकको जनलहरलाई मतमा बदल्ने अपेक्षासहित रास्वपा चुनावी मैदानमा रहेको बताईन् । उनले भनिन, 'चुनाव नजिकिँदै जादा उर्लिएको जनसागर जनमतमा बदलिने अपेक्षामा हामी छौं ।'

**जनसम्पर्कबाट...**
सापकोटाको भनाई छ ।

उनले मध्यान्हसँग भने, 'हामीले यो पटक जनताकै घरआँगनमा पुगेर मत मागेका छौं । त्यसका लागि केन्द्रस्तरका नेताहरू समेत आफ्नो जिल्ला र क्षेत्रमा बसेर आफ्नो पक्षमा परिणाम निकाल्न आवश्यक रणनीति बनाउने कुरालाई प्राथमिकता दिएका छौं ।' अधिकांश दलहरूले खुला सभादेखि मतदातासँगको प्रत्यक्ष भेटघाटमा समेत आफ्नो पक्षमा बहुमत आउने र सरकारको नेतृत्व आफ्नै दलले गर्ने दाबी गर्दै आएका छन् । ठुला चार दल मध्य तीन दलले घरदैलोसँगै चुनावीसभामार्फत मतदाता तान्ने योजना बनाइरहँदा  एमालेले चुनावी सभालाई प्राथमिकतामा राखेन् । सो दलले आफ्ना ६ लाख संगठित सदस्यलाई सक्रिय बनाएर प्रति व्यक्ति ३ मत सम्म तान्न सक्नेगरी जनतासँग वान टुवान भेटघाटलाई प्राथमिकता दिएको नेताहरूले बताएका छन् ।

एमाले चुनावी परिचालन कमिटीका सचिव विष्णु रिमालले सार्वजनिक हल्ला गर्ने र गाडीको हुटमा हात हल्लाउँदै हिड्दैमा जनमत नबदलिने बताए ।

'नेकपा एमाले जनताको पार्टी हो', उनले भने, 'हामी निरन्तर जनतामाझ छौं । जनतासँगको नियमित भेटघाट, समस्या पहिचान र ती समस्या समाधानका उपायहरूसमेत खोज्ने प्रतिवद्धतासहित जनताको मत पाउने कोसिसमा छौं ।'

रिमालले यसो भने पनि एमालेले निर्वाचन क्षेत्रगत चुनावी सभा र प्रदर्शन भने देशैभर गरिरहेको छ । आइतबार सुर्खेत र दाङका चुनावी सभामा उल्लेख्य सहभागीता थियो ।

अरू दलहरूजस्तै एमालेले पनि आफ्नो बहुमत आउने दाबी गर्दै आएको छ । यी दलहरूले चुनावी अभियाका क्रममा पार्टी प्रवेश गराएर आफ्नो पक्षमा भोट थपिएको सन्देश दिने कामलाई समेत निरन्तरता दिएका छन् ।

**मध्यपूर्वमा...**
गरी सुरक्षित रहन आग्रह गरेको छ । परराष्ट्र मन्त्रालयमार्फत सरकारले त्यस क्षेत्रमा रहेका नेपाली नागरिकको सुरक्षा उच्च प्राथमिकतामा रहेको जनाउँदै सुरक्षा सतर्कता अपनाउन आग्रह गरेको हो । संयुक्त राज्य अमेरिका र इजरायलले इरानमाथि शनिबार संयुक्त रूपमा सैन्य आक्रमण गरेपछि र इरानले त्यसको प्रत्याक्रमण गरेपछि मध्यपूर्वको स्थिति तनावपूर्ण बनेको छ ।

सो सम्बन्धमा जानकारी दिन मन्त्रालयले आइतबार आयोजना गरेको पत्रकार सम्मेलनमा सहसचिव कृष्णप्रसाद ढकालले भने, 'हालसम्म त्यस क्षेत्रमा नेपाली नागरिक सुरक्षित छन् । नेपाल सरकारले घटनाक्रम नजिकबाट हेरिरहेको छ । सम्बन्धित मुलुकले जारी गरेको सुरक्षासम्बन्धी सूचना जानकारी लिई त्यसको पालना गर्न आग्रह गर्दछौं ।'

यस्ता घटनाक्रमलाई सम्बोधन गर्न मन्त्रालयले 'ऱ्यापिड एक्सन टिम' गठन गर्न लागेको सहसचिव ढाललले जानकारी दिए । मध्यपूर्व र आसपासका इरानमा ६ जना, इजरायलमा ६ हजार ५००, इजिप्टमा ५००, ओमानमा २५ हजार, कतारमा तीन लाख ५७ हजार, कुवेतमा एक लाख ७५ हजार, जोर्डनमा तीन हजार, बहराइन २८ हजार, साउदी अरबमा तीन लाख ८४ हजार ८६५, संयुक्त अरब इमिरेट्स (युएई)मा चार लाख ७८ हजार १४४, लेबनानमा एक हजार ५००, इराकमा ३० हजार र साइप्रसमा १७ हजार गरी हाल कुल १७ लाख २९ हजार २८८ जना नेपाली नागरिक रहेको जनाइएको छ ।

पत्रकार सम्मेलनमा मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले त्यस क्षेत्रका नेपालीको सुरक्षाका लागि सरकारले आवश्यक काम र पहल गरिरहेको बताए । उनले त्यहाँ नेपाली नागरिकलाई घरभित्रै सुरक्षित रहन, सूचना पालना गर्न, अप्ठ्यारो परेमा दूतावास र मन्त्रालयसँग सम्पर्कमा रहन आग्रह गरे ।

मध्य एसिया, पश्चिम एसिया तथा अफ्रिका महाशाखाका प्रमुख रामकाजी श्रेष्ठले नेपाली नागरिकको सुरक्षाका लागि त्यस क्षेत्रका आठ दूतावास र दुई कन्सुलर सेवाबाट सूचना जारी गरी समन्वय भइरहेको प्रवक्ता क्षेत्रीले बताए ।

यसैगरी मन्त्रालयले 'एड्भाइजरी' जारी गर्दै सुरक्षासम्बन्धी निर्देशन तथा सूचना कडाइका साथ पालना गर्न आग्रह गरेको हो । 'सकेसम्म घरभित्रै बस्नुहोस्, सतर्क रहनुहोस्, आवश्यक सावधानी अपनाउनुहोस् र आफू रहेको स्थानका नेपाली समुदायसँग नियमित सम्पर्कमा रहनुहोस् । सम्बन्धित निकायको पूर्वस्वीकृतिबिना अनावश्यक यात्रा नगर्नुहोस् । काठमाडौंस्थित परराष्ट्र मन्त्रालय, तेल अविवस्थित नेपाली दूतावास तथा दोहास्थित नेपाली राजदूतावाससँग नियमित सम्पर्कमा रहनुहोस्,' मन्त्रालयले जारी गरेको एड्भाइजरीमा उल्लेख छ ।

मध्यपूर्वको घटनाक्रमपछि हाल भिसा र टिकट लिई गन्तव्य मुलुक जाने तयारीमा रहेका, गन्तव्य मुलुक जानका लागि विमानस्थल पुगेका र युरोप तथा अमेरिका जानका लागि ट्रान्जिट विमानस्थलमा अलपत्र परेका नेपाली नागरिकले सास्ती भोग्नुपरेको छ ।

यसैबीच इरानले अमेरिकी सैनिक बेसमा आक्रमण गर्दा युएईमा एक नेपाली कामदारको ज्यान गएको छ । नेपालीसहित पाकिस्तानी र बंगलादेशी कामदारको मृत्यु भएको छ भने युएई, इजिप्टियन, इथियोपियाली, फिलिपिनो, पाकिस्तानी, इरानी, भारतीय, बंगलादेशी, श्रीलंकाली, अजरबैजानी, यमेनी, युगान्डा, इरिट्रियन, लेबनानी र अफगानी गरी अन्य ५८ जना सामान्य घाइते भएका छन् ।

युएई रक्षा मन्त्रालयले ब्यालिस्टिक क्षेप्यास्त्र र ड्रोनहरूलाई रोक्दै वायु रक्षा प्रणालीहरूले केही भग्नावशेषहरू देशका विभिन्न भागहरूमा खस्दा नेपालीसहित ३ जनाको मृत्यु र सम्पत्तिहरूमा क्षति पुगेको बताएको छ ।

मन्त्रालयले जनतालाई आधिकारिक स्रोतहरूबाट जानकारी प्राप्त गर्न र अफवाह वा अप्रमाणित जानकारी फैलाउनबाट बच्न पनि आग्रह गरेको छ ।

उता कतारको राजधानी दोहामा अवस्था त्रासपूर्ण रहेको बताइएको छ । गाडीहरू चलेको, सुपरमार्केट, बैंकहरू खुलेको भएपनि घरबाटै काम गर्न भनिएको छ ।

**रोकिएन...**
छन् । यसमध्ये केवल एक हजार ८६५ जनाले छुट्टै बैंक खाता खोलेका छन् । बाँकी १५४१ उम्मेदवारले चुनावी खर्चसम्बन्धी कारोबार गर्न छुट्टै बैंक खाता खोलेका छैनन् । यो निर्वाचन आचारसंहिता उल्लंघन वा निर्वाचन आयोगको आग्रहको अटेरी हो ।

यसबाहेक पनि आचारसंहिताका विषयहरू कार्यान्वयनमा आउन सकेनन् । देशका विभिन्न भागमा ऱ्याली तथा सभाहरुमा बालबालिका सहभागी भएका छन् । पत्रकारहरुमाथि धम्की तथा कुटपीट भएको छ । आचारसंहिता विपरीत भौतिक रुपमा चुनाव चिन्हको प्रयोग हुन रोकिएन । विना अनुमति व्यक्तिका घरहरुमा प्रचार सामग्री र झण्डा टाँगिएका छन् । स्थानीय निकाय तथा प्रदेश सरकारका पदाधिकारीहरु निर्वाचनको प्रचारप्रसारमा सहभागी भएका छन् ।

राष्ट्रिय मानव अधिकार आयोगले अनुगमनका क्रममा अनुमतिबिना बढी सवारीसाधन प्रयोग गरेको, मतदाताहरुलाई अनुचित प्रभाव पार्ने प्रयास गरेको, दलका कार्यकर्ता र समर्थकहरुले सामाजिक सञ्जालको दुरुपयोग गरेको पाइएको जनाएको छ । यस्ता कार्य आचारसंहिता विपरीत हो ।

मानव अधिकार आयोगले प्रतिनिधिसभा निर्वाचनको सन्दर्भमा ४२ जिल्लामा निर्वाचनपूर्वको अनुगमन गरेको छ । अनुगमनपछि आयोगका सहसचिव एवं प्रवक्ता डा. टीकाराम पोखरेल विज्ञप्ति निकालेर आचारसंहिताको पूर्ण परिपालना हुन नसकेको पाइएको बताएका छन् । 'आयोगले गरेको निर्वाचनपूर्वको अनुगमनको क्रममा उम्मेदवारहरुबाट निर्वाचन आचारसंहिताको पूर्ण परिपालना हुन नसकेको पाइएको छ' विज्ञप्तिमा उल्लेख छ ।

आचारसंहिता पालनाको विषयमा नेपाली कांग्रेसले समेत निर्वाचन आयोगको ध्यानाकर्षण गरेको छ । कांग्रेसका प्रवक्ता देवराज चालिसेको नेतृत्वको टोलीले निर्वाचन आयोगको कार्यालय पुगेर कार्यवहाक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीलाई चार बुँदे ध्यानाकर्षण पत्र बुझाएको हो ।

ध्यानाकर्षण पत्रमा 'राजनीतिक दलहरूले भौतिक चुनाव चिह्नको खुलेआम दुरुपयोग गरिरहेको' उल्लेख छ । यसअघि निर्वाचन आयोगले चुनाव चिह्नको भौत्तिक रुपमै प्रयोग गर्न नपाइने भनेर विज्ञप्ति नै निकालेको थियो । राजनीतिक दलहरुले निर्वाचन प्रचार-प्रसार अभियानका क्रममा बालबालिकालाई सहभागी गराएको अर्को बुँदा छ । निर्वाचनको प्रचारप्रसार वा अनय प्रकारका गतिविधिमा बालबालिकाको प्रयोग गर्न नपाइने निर्वाचन आचारसंहितामा छ ।

निर्वाचन आयोगले राष्ट्रिय झण्डाको प्रयोगको सम्बन्धमा गरेको निर्देशन विपरीत राष्ट्रिय झण्डाको दुरुपयोग भइरहेको भन्ने विषय तेस्रो बुँदामा छ ।

अन्तिम बुँदामा मिथ्या सूचनाको दुष्प्रचार गरी जनमतलाई आफ्नो दलको अभिष्ट पूरा गराउने उद्देश्यले सामाजिक सञ्जालमार्फत् निर्वाचन आचारसंहिताको विपरीत हुने गरी सूचना सम्प्रेषण भइरहेको उल्लेख छ ।

**१२ मुलुकका...**
ओमान, इराक, यमन, जोर्डन, लेबनान, टर्की र इजरायलसमेतका देशहरुमा वैदेशिक रोजगारीका लागि प्रदान गरिने व्यक्तिगत र संस्थागत श्रम स्वीकृति अर्को निर्णय नभएसम्मका लागि स्थगन गरिएको जनाएको छ ।

**वैदेशिक...**
गरेका छन् । संघले सम्बन्धित देशका स्थानीय प्रशासनद्वारा जारी गरिएका सुरक्षा निर्देशिकाहरू पूर्ण रूपमा पालना गर्न अनुरोध गर्दै सम्भावित जोखिमप्रति सचेत रहन आह्वान गरेको छ ।

त्यसैगरी, नेपाल सरकार तथा विदेशस्थित नेपाली दूतावास र कूटनीतिक नियोगहरूलाई आफ्ना नागरिकको सुरक्षाका लागि आवश्यक समन्वय, समयोचित सूचना प्रवाह तथा आपतकालीन संयन्त्रहरू प्रभावकारी रूपमा सञ्चालन गर्न संघले आग्रह गरेको छ ।

संघले नेपाली नागरिकको जीवन र सुरक्षाको संरक्षण सर्वोपरि विषय भएको उल्लेख गर्दै मध्यपूर्व क्षेत्रमा सक्रिय विभिन्न संघ-संस्थाहरूलाई समेत नेपालीहरूको हित र सुरक्षाका लागि आवश्यक पहल गर्न अनुरोध गरेको छ ।

नेपालस्थित इजाजतप्राप्त वैदेशिक रोजगार संस्थाहरूलाई सम्बन्धित रोजगारदाता कम्पनीहरूसँग निरन्तर समन्वय गरी आफ्ना कामदारहरूको अवस्थाबारे नियमित जानकारी लिन तथा आवश्यक सहयोग उपलब्ध गराउन पनि संघले आग्रह गरेको छ ।

यस्तै, उक्त क्षेत्रमा उडान सञ्चालन गरिरहेका एयरलाइन्स कम्पनीहरूलाई यात्रु तथा नेपाली नागरिकको सुरक्षालाई उच्च प्राथमिकतामा राख्दै उडान व्यवस्थापन, समयमै सूचना प्रवाह तथा आवश्यक उद्धार तथा सहयोगका कार्यमा जिम्मेवारीपूर्ण भूमिका निर्वाह गर्न संघले आह्वान गरेको छ ।

अपिलमा यस्तो विषम परि स्थितिमा नेपाली नागरिकको सुरक्षा सुनिश्चित गर्नु सबैको साझा दायित्व भएको उल्लेख गरिएको छ ।

# आज फागु पूर्णिमा



**काठमाडौं/मस–** काठमाडौं उपत्यकासहित पहाडी तथा हिमाली क्षेत्रमा आज फागु पूर्णिमा मनाइँदै छ । प्रत्येक वर्ष फागुन शुक्ल पूर्णिमाको दिन फागु पूर्णिमा मनाइन्छ । आजको दिनमा विशेष रुपमा बालबालिकादेखि वृद्धवृद्धाले उत्सवका रुपमा एक आपसमा रंङ, अबिर लगाइदिने, नाच गान गर्ने र मिठो परिकार बनाएर खाने र खुवाउने गरेर हर्षोल्लहासका साथ मनाइने गरिन्छ ।

किम्बदन्तीका अनुसार त्रेता युगमा नास्तिक हिरण्यकश्यपु नाम एक क्रुर राक्षस थिए । उनी नास्तिक भएका कारण भगवानको लिलामा विश्वास गर्दैनथे ।

उनको प्रह्लाद नामक छोरा थिए, जो भगवान विष्णुको परम भक्त थिए । हिरण्यकश्यपु आफुले आफुलाई बलवान ठाँन्दथे । तर, उनको पुत्र उनको आराधाना नगरी विष्णु भगवानको आराधाना गर्दथे । त्यो कुरा उनले सहन सकेन जसकारण आफ्नै पुत्रलाई मार्न तयार भए ।

अन्तत उनको योजनाअनुरुप हिरण्यकश्यपुले पुत्रलाई अग्निकुण्डमा राखेर मार्नको निम्ति अग्निले पनि डढाउन नसक्ने वरदान पाएकी आफ्नी बहिनी होलिकालाई प्रह्लादलाई काखमा राखेर अग्गिन कुण्डमा बसाए । तर, अग्नि बस्दा पनि विष्णु भगवानको प्राथना गरेर बसेका प्रह्लादलाई अग्निले भष्म गरेन । उल्टै होलीका भने भस्म भइन् । अन्तमा हिरण्यकश्यपुलाई भगवान विष्णुले नृसिंह अवतार लिएर मारेका थिए । होलिका दहनकै खुसियाली मनाउन आपसमा रङ र अबिर लगाएर होली पर्व मनाउने परम्परा परापूर्वक कालदेखि चलिआएको धार्मिक मान्यता छ । सोमबार पहाड तथा हिमाली क्षेत्रमा मनाइने फागु पूर्णिमा मंगलबार तराई मधेशमा होलीको रुपमा मनाइँदै छ ।

# इरानका सर्वोच्च नेता खामेनीसहित शीर्ष नेता मारिए



**काठमाडौं/एजेन्सी–** इरानका सर्वोच्च नेता आयतुल्लाह अली खामेनीसहित शीर्ष नेताहरुको मृत्यु भएको छ । खामेनीको निधनमा ४० दिन शोक घोषणा समेत गरिएको छ । यसअघि अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानका सर्वोच्च नेता आयतोल्लाह अली खामेनी मारिएको बताएका थिए । ट्रम्पले ट्रुथ सोसलमार्फत् खामेनी मारिएको दाबी गरे पनि इरानबाट पुष्टि हुन सकेको थिएन ।

इरानका विदेशमन्त्री अब्बास अराघचीले एनबीसी समाचार संस्थासँगको कुराकानीका क्रममा आफ्ना नेता सुरक्षित र स्वस्थ रहेको दाबी गरेका थिए ।

तर इरान राज्यको टेलिभिजनका एक प्रस्तोताले भावकु हुँदै सर्वोच्च नेता खामेनीको मृत्यु भएको र ४० दिन शोकको घोषणा भएको जानकारी दिएको बीबीसीले जनाएको छ ।

यता अमेरिकी गुप्तचर एजेन्सी सिआइएको इन्टेलिजेन्सले मार्गदर्शन गरेको आक्रमणमा इरानका सर्वोच्च नेता खामेनीको नजिक रहेका शीर्ष अधिकारीहरू मारिएको न्युयोर्क टाइम्सले आइतबार रिपोर्ट गरेको छ ।

समाचार अनुसार, अमेरिकी र इजरायली योजनाअन्तर्गत तेहरानको नेतृत्व परिसरमा शनिबार बिहान आयोजना गरिएको बैठकमा खामेनी र उनका निकट सुरक्षा अधिकारीहरू उपस्थित थिए । अपरेसन अमेरिकाले इजरायललाई जानकारी दिएर सुरु गरेको थियो र बिहान ६ बजेदेखि मिसाइल प्रहार गरिएको थियो ।

इरानी न्यायपालिकाले पुष्टि गरेअनुसार, खामेनी नजिकैको भवनमा रिभोलुसनरी गार्डका प्रमुख जनरल मोहम्मद पाकपोर र शीर्ष सुरक्षा सल्लाहकार अली शामखानी मारिएका छन् । टाइम्सका अनुसार अमेरिकी गुप्तचरहरूले महिनौंदेखि खामेनीको गतिविधि ट्र्याक गर्दै आएका थिए र आक्रमण योजना त्यसैको आधारमा समायोजित गरिएको थियो ।

**गण्डकी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**भुम्लिचोक, गोरखा**
**गण्डकी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०८२/११/१८**

प्रस्तुत विषयमा यस कार्यालयको मिति २०८२/१०/१३ गते विद्युतीय माध्यम (E BIDDING) एवं मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम पर्न आएका बोलपत्रहरु मध्ये देहायका बोलपत्र मूल्याँकित सारभुत रुपमा प्रभावग्राही भई गण्डकी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको बोलपत्र मुल्याँकन समितिको मिति २०८२/११/१४ को निर्णयानुसार स्वीकृतीका लागि छनौट गर्ने निर्णय भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा  २७ उपदफा (२) एवं गण्डकी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ को नियम ६३ बमोजिम सवै बोलपत्रदाताहरुको जानकारी समेतका लागि यो ७ दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | स्वीकृतीको लागि छनौट भएको फर्मको नाम | कबोल अंक (मुल्य अभिवृद्धि कर समेत) |
|---|---|---|---|---|
| १ | GRM/ GOODS/07/2082/83 | बुढीगण्डकी नदीका (वहाव क्षेत्र) विभिन्न घाटहरु (घौसुर खोला घाट, खानी खोला) | सिरानचोक कन्स्ट्रक्सन एंड सप्लाएर्स प्रा.लि., गोरखा | ३१,७५,३००/- |

**प्रमुख प्रशासकिय अधिकृत**

**लहान नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**लहान, सिरहा**
**मधेश प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः २०८२/११/१८**

यस कार्यालयबाट प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार देहाय बमोजिमको Contract ID/निर्माण कार्यकोलागि प्राप्त हुन आएका बोलपत्रहरु मध्ये तल उल्लेखित बोलपत्रदाताहरुको बोलपत्र "न्यूनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही" ठहर भई स्वीकृतकालागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि  यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि. न. | ठे.न. | योजनाको नाम र स्थल | बोलपत्रदाताहरुको नाम र ठेगाना | न्यूनतम कवोल अंक (भ्याट र पि.स. समेत) रु. | कैफियत |
|---|---|---|---|---|---|
| 1. | LMUN-W11-NCB-2082-83-12 | Pcc Road Construction Works, Lahan 14 (Bastipur Ma. Vi. School through Sujan Shah house up to Jagdish Pradhan house) | Jalpa Bhairab Shaan Nirman Sewa Pvt. Ltd., Rajbiraj-08,Saptari, Nepal. | 43,55,791.95 | |
| 2. | LMUN-W12-NCB-2082-83-13 | Road Upgrading Work, Siraha District, Lahan Municipality, Ward No. 10, Lahan | Jalpa Bhairab Shaan Nirman Sewa Pvt. Ltd., Rajbiraj-08,Saptari, Nepal. | 43,61,030.07 | |
| 3. | LMUN-W13-NCB-2082-83-16 | R.C.C Road Construction Work, Lahan-18 (From Khuti Bridge to North Ma.Vi. School) | Bhawani Construction, Lahan-21 Siraha. | 45,60,427.33 | |
| 4. | LMUN-W14-NCB-2082-83-17 | P.C.C Road Construction Work, Lahan-22 (from Ramanand Chaudhary's house to Ward Office) | Suraj Nirman Sewa, Lahan-10 Siraha. | 32,64,761.13 | |

**अनिक यादव (इन्जिनियर)**

# अर्घाखाँचीमा निर्वाचन तयारी पूरा कर्मचारी मतदानस्थलतर्फ प्रस्थान



**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १७ फागुन

अर्घाखाँचीमा फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि सम्पूर्ण तयारी पूरा भएको छ। मुख्य निर्वाचन अधिकृतको कार्यालय अर्घाखाँचीका अनुसार जिल्लाका १ सय २ मतदान स्थल र २ सय ९ मतदान केन्द्रमा कर्मचारी तथा आवश्यक निर्वाचन सामग्री सोमबारदेखि पठाउन थालिएको छ।

मुख्य निर्वाचन अधिकृत सिवलाल पाण्डेले मतदान केन्द्रहरूमा अपांगमैत्री व्यवस्था मिलाइएको जानकारी दिए। वृद्धवृद्धा, असहाय तथा अशक्त मतदातालाई सहज रूपमा मतदान गर्न विशेष प्रबन्ध गरिएको उनले बताए। निर्वाचन स्वच्छ र निष्पक्ष हुने उल्लेख गर्दै उनले मतदातालाई निर्धक्क भएर मतदान केन्द्रमा पुग्न आग्रह गरे।

प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीका अनुसार निर्वाचन सुरक्षाका लागि नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग तथा म्यादी प्रहरी परिचालन गरिएको छ। कुनै समस्या देखिएमा १५ मिनेटभित्र सुरक्षाकर्मी परिचालन हुने व्यवस्था मिलाइएको उनले जानकारी दिए।

जिल्लामा निर्वाचनका लागि १ हजार २ सय ६० जना कर्मचारी खटिएका छन्। निर्वाचन कार्यालय अर्घाखाँचीका प्रमुख बुद्ध प्रकाश पौडेलका अनुसार कर्मचारी व्यवस्थापन, सामग्री प्याकिङ तथा सवारी साधन व्यवस्थापनलगायतका काम सम्पन्न भइसकेका छन्।

जिल्लामा ३ नगरपालिका र ३ गाउँपालिका गरी ६ स्थानीय तह रहेका छन्। दुईवटा अस्थायी मतदान केन्द्रसमेत तोकिएका छन्, जहाँबाट कर्मचारी, सुरक्षाकर्मी तथा कारागारमा रहेका कैदीबन्दीले प्रतिनिधिसभाको समानुपातिकतर्फ मात्र मतदान गर्न पाउने व्यवस्था गरिएको छ। सहायक प्रमुख जिल्ला अधिकारी झबिलाल भट्टराईका अनुसार जिल्ला सुरक्षा समितिले मतदान स्थलहरूको स्थलगत अनुगमन गरी संवेदनशीलताको मूल्यांकन गरेको छ। प्रशासकीय अधिकृत श्यामहरि घिमिरेले ३७ मतदान स्थल अति संवेदनशील, ४० संवेदनशील र २५ सामान्य श्रेणीमा वर्गीकरण गरिएको जानकारी दिए।

विशेषगरी शितगंगा नगरपालिकाका दुर्गम बस्तीहरूमा मतदाताले मतदानस्थल पुग्न घण्टौं पैदल हिँड्नुपर्ने अवस्था रहेको छ। कतिपय स्थानमा मतदाताले एक रात बास बसेर मतदान गर्नुपर्ने बाध्यता भए पनि सुरक्षा व्यवस्थासहित सहज मतदान वातावरण बनाइएको प्रशासनले जनाएको छ। मतदान सम्पन्न नहुञ्जेल जिल्लाभर मदिरा बिक्री वितरणमा रोक लगाइएको छ। जिल्ला प्रशासन कार्यालयले शान्तिपूर्ण, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गराउन सबै तयारी पूरा भएको जनाएको छ।

# नेपाल मगर संघ, कतारले मनायो ४४औं स्थापना दिवस

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, १७ फागुन

नेपाल मगर संघ, शाखा कतारले ४४औं स्थापना दिवस भव्य रूपमा मनाएको छ। नेपाल मगर संघ, शाखा कतारको आयोजनामा मगर संघको स्थापना दिवस भव्य रूपमा संघ शाखा कतारका अध्यक्ष समीर थापा मगरको सभाअध्यक्षता तथा नेपाल आदिवासी जनजाति महासंघका अध्यक्ष राकेश श्रेष्ठको प्रमुख आतिथ्यतामा शुक्रबार साँझ भव्य रूपमा सम्पन्न मनाएका हुन्।

प्रथम शहीद लखन थापा मगरको स्मृतिमा दीप प्रज्वलन गर्दै स्थापना दिवसको अवसरमा केक काटेर कार्यक्रमको समुद्घाटन गरिएको थियो। संघको स्थापना कहिले, कहाँ र कसरी भयो भन्ने विषयमा कार्यक्रम संयोजक दीपक एक्चाइ मगरले प्रस्ट पारे। विश्वभर छरिएर रहेका सम्पूर्ण मगरहरूलाई एकीकृत गरेको दिनलाई स्मरण गर्दै कार्यक्रममा बोल्ने वक्ताहरूले विश्व भरीका मगरहरूलाई एकीकृत बनाएर नेपालको पहिलो महाधिवेशन भएको र त्यही दिनलाई स्थापना दिवस आधार मानेर स्थापना दिवस मनाउँदै आएको बताएका थिए।

मगर समुदायको भाषा, संस्कृति, पहिचान र अधिकार संरक्षणमा संघले खेलेको भूमिकाको बारेमा समेत प्रशंसा गरेका थिए।

संघको मातहतमा रहेको सहानिया एरिया समितिका सचिव भावना पुन मगर कतार बसाइँलाई बिट मार्दै मातृभूमि नेपाल प्रस्थान गर्न लागेको अवसरमा संघले पुनलाई सम्मान पत्रले सम्मान गर्दै बिदाइ समेत गरेको थियो। केही साहित्यकारहरूले रचना वाचन गरेका थिए भने पत्रकारहरूलाई समेत सम्मान गरिएको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि श्रेष्ठले संघको ४४ वर्षको यात्रा प्रति हार्दिक बधाई तथा शुभकामना व्यक्त गरे। उनले संघको स्थापना कालदेखि वर्तमान कार्यसमिति सम्मको योगदानको स्मरण गर्दै मगर समुदायको आफ्नै ऐतिहासिक पृष्ठभूमि र पहिचान समेत रहेको बताए।

"समृद्ध खाँदबारी नगर"

## खाँदवारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

सङ्खुवासभा, खाँदवारी
कोशी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/११/१८**

यस खाँदबारी नगरपालिकाद्वारा प्रकाशित भएको सूचना अनुसार म्यादभित्र दर्ता भएका बोलपत्रहरु मध्ये मूल्यांकन गर्दा तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएको र स्वीकृतीको लागि सिफारीस भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

| सि.नं. | आयोजनाको विवरण | बोलपत्रदाताको नाम, ठेगाना | कबोल अंक (मू.अ.कर र पि.एस. बाहेक) | कैफियत |
|---|---|---|---|---|
| १ | Procument and Supply of Sanitary Pads, Contract Id - KMO/NCB/GOODS/01/082/083 | श्री Angel touch Hygiene Manufacturing Pvt. Ltd, ललितपुर। | रू. १६,७१,३६७.७१ ( अक्षेरूपी सोर्ह लाख एकतर हजार तिन सय सरसठी रूपैया एकहतर पैसा मात्र, मु.अ.कर र पी.एस. बाहेक ) | |

प्रमुख प्रशासकीय अधिकृत

# रौतहटमा निर्वाचन लक्षित कडा सुरक्षा



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १७ फागुन

फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनलाई लक्षित गर्दै रौतहटमा सुरक्षा व्यवस्था कडा पारिएको छ। निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउने उद्देश्यले नेपाली सेना अन्तर्गतको श्री नारायणदल गणले जिल्लाभर सक्रियता बढाएको छ।

निर्वाचन सुरक्षा योजनाअनुसार सेनाले रौतहटका सबै १८ स्थानीय तहमा टोली परिचालन गरेको जनाएको छ। पैदल गस्तीका साथै मोटरसाइकल, साना-ठुला सवारी साधन र अत्याधुनिक बख्तरबन्द गाडी प्रयोग गरी मुख्य बजार, संवेदनशील क्षेत्र र मतदान केन्द्र आसपास 'फ्ल्याग मार्च' सञ्चालन भइरहेको छ।

सुरक्षा निकायका अनुसार सेनाको दृश्य उपस्थितिले मतदातामा सुरक्षा अनुभूति गराउनुका साथै सम्भावित अवाञ्छित गतिविधि रोक्न मनोवैज्ञानिक प्रभाव पार्ने विश्वास लिइएको छ।

जिल्ला सुरक्षालाई थप मजबुत बनाउन सेनाले नेपाल प्रहरी र सशस्त्र प्रहरी बल सँग समन्वयमा संयुक्त गस्ती सञ्चालन गरिरहेको छ। मतदान केन्द्र वरपर विशेष निगरानी बढाइएको छ।

सम्भावित जोखिम तत्काल नियन्त्रण गर्न द्रुत प्रतिकार्य टोली तयारी अवस्थामा राखिएको छ। विगतका घटनाक्रम र भौगोलिक संवेदनशीलताका आधारमा निगरानी कडा पारिएको छ। तीनवटै सुरक्षा निकायबीच सूचना आदानप्रदान र परिचालनमा एकरूपता कायम गरिएको छ।

# व्यवसायी कडरियालाई मातृशोक



काठमाडौं/मस-युवा वैदेशिक रोजगार व्यवसायी तथा समाजसेवी भुपेन्द्र कडरियालाई मातृशोक परेको छ। राजधानीको बत्तीसपुतलीस्थित स्काई वे म्यानेजमेण्ट प्रा.लि.का चेयरम्यान तथा कडरिया बन्धु सेवा समाजका केन्द्रीय सचिव कडरियाकी आमा मन माया कडरियाको फागुन १६ गते शनिबार अपराह्न ७७ वर्षको उमेरमा निधन भएको हो।

झापा जिल्लाको मेची नगर पालिका वडा नं. ९ धुलाबारी, तल्लो मागुरमाडीस्थित आफ्नै निवासमा कडरियाको निधन भएको पारिवारिक स्रोतले जनाएको छ। स्व. कडरियाका श्रीमान, १ छोरी र दुई छोरा रहेका छन्।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/११/१८**

**ए. वान खड्का कन्स्ट्रक्सन प्रा. लि.** को मिति २०८२/०८/१२ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **निभ कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि. (दर्ता नं. २४१६९४)** कायम गर्ने गरी मिति २०८२/०९/०६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/११/१८**

**हिमालय रेन्ज एड्भेन्चर्स प्रा. लि.** को मिति २०८२/१०/०२ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **रिनभारा थांका आर्ट एण्ड ह्याण्डीक्राफ्ट्स प्रा. लि. (दर्ता नं. १८९४८९)** कायम गर्ने गरी मिति २०८२/१०/१५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## निक्षेपउपर हकदावीगर्ने सम्बन्धी १५ दिने सूचना

तपसिलमा उल्लिखित यस बैंकका खातावालहरुको मृत्यु भएको हुँदा निजहरुको नाममा यस बैंकको शाखा कार्यालयहरुको खातामा रहेको रकम पाउँभनी मृतकका देहायकाहकवालाहरुले आवश्यक कागजात सहित यस बैंकका सम्बन्धित शाखामा निवेदन दिनुभएको हुँदा उक्तखातावालको नाममा रहेको निक्षेपमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिमको अग्र प्राथमिकतामा अन्य कुनै हकदार भएको भए त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र)** दिनभित्र स-प्रमाण यस बैंकमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ। म्याद भित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन बमोजिमभई जाने जानकारी गराइन्छ।

| सि. नं | मृतकखातावालको नाम | ठेगाना | खाता नं. | शाखा | मृत्यु भएको मिति | हकदावीगर्ने/निवेदकको नाम, ठेगाना र (मृतकसंगको नाता) |
|---|---|---|---|---|---|---|
| १ | **पृथ्वी बहादुर राई**<br>बाबु : छत्रमान राई<br>आमा : ईश्वरि माया राई<br>श्रीमाती : कला राई | कोशी प्रदेश, भोजपुर जिल्ला अरुण नगरपालिका वडा नं. ५ | बचत खाता नं. ३५१००१७५०११५४ | चबहिल | २०८२/०७/०४ | कोशी प्रदेश, भोजपुर जिल्ला अरुण नगरपालिका वडा नं. ५ कला राई (श्रीमाती) |
| २ | **मान वहादुर सार्की**<br>बाबु: जंगे सार्की<br>बाजे: पुड्के सार्की | काभ्रेपलान्चोक जिल्ला साबिक चौवास गा.वि.स-५ हाल भुम्लु गा.पा-०४,काभ्रे | बचत खाता नं. २१५१००१७५०४३७८ | भुम्लु | २०८२/०९/०७ | काभ्रेपलान्चोक जिल्ला साबिक चौवास गा.वि.स. वडा नं.५, हाल भुम्लु गा.पा-०४,काभ्रे बस्ने अनु कुमारी सार्की (श्रीमती) |
| ३ | **पृथ्वी लाल शेरचन**<br>बाबु देवी लाल शेरचन<br>बाजे: सिद्धिमान शेरचन | रुपन्देही जिल्ला सि.न.पा वडा नं.१२ | बचत खाता नं. १३१००१७५०३७३२ | भैरहवा | २०८२/०९/२७ | रुपन्देही जिल्ला सि.न.पा वडा नं. १२ बस्ने मीना भट्टचन शेरचन (श्रीमती) |
| ४ | **कृष्ण बहादुर श्रेष्ठ**<br>बाबु :लाल बहादुर श्रेष्ठ<br>बाजे :गुन्जा मान श्रेष्ठ | काठमाण्डौ जिल्ला काठमाण्डौ नगरपालिका वडा नं २९ | बचत खाता नं. ३११००१७५०७४५२ | नयाँ बानेश्वर | २०८२/०९/२९ | काठमाण्डौ जिल्ला काठमाण्डौ नगरपालिका वडा नं २९ बस्ने उमा केशरी श्रेष्ठ (पत्नी) |
| ५ | **सरस्वती सोराली**<br>बाबु : श्री बहादुर सोराली<br>बाजे : फटे बहादुर सोराली | बागमती प्रदेश, काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका, स्वयम्भू-०५, काठमाण्डौ, नेपाल | बचत खाता नं. ०१७१००१७५२४८६० | तीनधारा | २०८२/०९/२३ | बागमती प्रदेश, हेटौंडा जिल्ला, पदम पोखरी -१२, हेटौंडा बस्ने नरहरि थापा मगर (श्रीमान्) |
| ६ | **वीर भद्र विक्रम शाह**<br>बाबु : इन्द्र विक्रम शाह<br>बाजे : नरेन्द्र विक्रम शाह | बागमती प्रदेश, ललितपुर जिल्ला, ललितपुर महानगर पालिका, पाटन-०४,ललितपुर, नेपाल | बचत खाता नं. ०११०२१३८१२९०१ | तीनधारा | २०८२/०९/०१ | बागमती प्रदेश, काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका, थापाथली, काठमाण्डौ, नेपाल बस्ने समिर विक्रम शाह (छोरा) |
| ७ | **फडिन्द्र बहादुर खत्री**<br>बाबु : छत्र बहादुर खत्री<br>बाजे : विर बहादुर खत्री | बागमती प्रदेश, काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका, बागबजार-३१, काठमाण्डौ, नेपाल | बचत खाता नं. १७१००१७५०९८४६ | तीनधारा | २०७९/११/०६ | कोशी प्रदेश, खोटाङ जिल्ला, लामिडाडा गा.वि.स-०२, खोटाङ, नेपाल बस्ने लक्ष्मीमा देवी खत्री (श्रीमती) |
| ८ | **मकर ध्वज श्रेष्ठ**<br>बाबु: सिद्धि मान श्रेष्ठ<br>बाजे: भक्त वीर श्रेष्ठ | सिन्धुपाल्चोक जिल्ला, बाह्रबिसे नगरपालिका वडा नं.४ | बचत खाता नं. १८०१००१७५०५७१४ | बाह्रबिसे | २०८२/०८/०८ | सिन्धुपाल्चोक जिल्ला, बाह्रबिसे नगरपालिका वडा नं.४ बस्ने छत्र कुमारी श्रेष्ठ (श्रीमती) |
| ९ | **तारा पौडेल**<br>बाबु: किर्ती वहादुर पौडेल<br>बाजे: दुर्गा प्रसाद पौडेल | सिन्धुपाल्चोक जिल्ला, बाह्रबिसे नगरपालिका वडा नं.४ | बचत खाता नं. १८०१००१७५०५९८० | बाह्रबिसे | २०८२/०८/१६ | सिन्धुपाल्चोक जिल्ला, बाह्रबिसे नगरपालिका वडा नं.४ बस्ने छत्र राधाकृष्ण श्रेष्ठ (श्रीमान) |
| १० | शिव कुमार मिश्र<br>बाबु: खगेन्द्रनाथ मिश्र<br>बाजे: मधुसुधन मिश्र | झापा, जिल्ला, गरामनी गा.वि.स वडा नं.३ हालको ठेगाना- झापा, जिल्ला, विर्तामोड न.पा वडा नं. ८ | बचत खाता नं. ४५१००१७५०२७८१ | चन्द्रगढी | २०८२/०७/३० | झापा जिल्ला, विर्तामोड न.पा वडा नं. ८ बस्ने (डिल्लिमाया कडरिया (श्रीमती) |
| ११ | **सिताराम पौडेल**<br>बाबु: पोस प्रसाद पौडेल<br>बाजे. ज्योती नाथ पौडेल | धादिङ जिल्ला भुमेस्थान गा.बि.स वडा नं. २ | बचत खाता नं. १०९१००१७५०१५२१ | गल्छि | २०८२/०६/०७ | धादिङ जिल्ला , भुमेस्थान गा.बि.स वडा नं. २ बस्ने पंफा देबी पौडेल (श्रीमती) |
| १२ | **दिर्घ कुमारी पुरी**<br>बाबु : हर्क बहादुरद भण्डारी<br>बाजे : डल्लु भण्डारी | चितवन जिल्ला, भरतपुर महानगरपालिका वडा नं २५ | बचत खाता नं. ०२४१००१७५१७५९३ | नारायणगढ | २०८१/०५/०२ | चितवन जिल्ला, भरतपुर महानगरपालिका वडा नं २५ बस्ने भरत राज पुरी (छोरा) |
| १३ | **गणेश प्रसाद पौडेल**<br>बाबु : मोहराज शर्मा पौडेल<br>बाजे : राधाकृष्ण पौडेल | चितवन जिल्ला, भरतपुर महानगरपालिका वडा नं ०२ | बचत खाता नं. २४१००१७५०१३६४ | नारायणगढ | २०८२/०९/१७ | चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं ०२ बस्ने सिर्जना देवी भराइ पौडेल (पत्नी) |
| १४ | **पुर्ण माया महर्जन**<br>बाबु: किस लाल महर्जन<br>श्रीमानः काजी लाल महर्जन | ललितपुर जिल्ला, ललितपुर महानगरपालिका, वडा नं. ८ | बचत खाता नं. १९१००१७५०१९०४ | ललितपुर | २०८२/०९/२६ | ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. १८ बस्ने सुदिप महर्जन (छोरा) |
| १५ | **शेषरमण पौडेल**<br>बाबु : रेवति रमण पौडेल<br>बाजे : श्रिलोचन पौडेल | चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं २९ | बचत खाता नं. २४१००१७५०६८७५ | नारायणगढ | २०७८/०१/१८ | चितवन जिल्ला, भरतपुर महानगरपालिका वडा नं २९ बस्ने पवन पौडेल (छोरा) |
| १६ | **राजेन्द्र मान प्रधान**<br>बाबु : हिरण्येश्वर मान प्रधान<br>बाजे : हिरा मान प्रधान | बागमती प्रदेश, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका, ठमेल-२९, काठमाण्डौं, नेपाल | बचत खाता नं. ०२१००१७५५६८११ | तीनधारा | २०८२/१०/०३ | बागमती प्रदेश, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका, बसुन्धारा, काठमाण्डौं, नेपाल बस्ने अमिता प्रधान मास्के (श्रीमती) |

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

मध्यान्ह
www.madhyanhadaily.com
१८ फागुन २०८२ सोमबार
2 March 2026 Monday

सम्पादकीय

# मध्यपूर्वका नेपालीको सुरक्षामा ध्यान देऊ

इरानमाथि अमेरिका र इजरायलको आक्रमणले मध्यपूर्वमा तनाब छ । मध्यपूर्वका विभिन्न देशमा झण्डै १७ लाख नेपाली छन् । त्यसैले त्यहाँ उत्पन्न असुरक्षाको चिन्ता नेपालसम्म आइपुगेको छ । इजरायलदेखि साउदी अरेबिया, कतारदेखि संयुक्त अरब इमिरेट्ससम्म ठूलो संख्यामा नेपाली श्रमिक कार्यरत छन् । परराष्ट्र मन्त्रालयका अनुसार, करिब १७ लाख २९ हजार २ सय ८८ नेपाली त्यहाँ छन् । पछिल्लो युद्धको स्थितिमा ती नागरिकको सरक्षाप्रति सरकारले गम्भीरतापूर्वक चासो राख्न जरूरी छ । परराष्ट्र मन्त्रालयले ट्राभल एड्भाइजरी जारी गर्दै नेपालीलाई सुरक्षित रहन आग्रह गरेको छ । सम्बन्धित देशका नेपाली नियोग प्रमुखहरूसँग समन्वयका लागि ह्वाट्सएप समूह गठन गरिएको छ । स्थानीय गतिविधि र नेपालीले भोगिरहेका समस्याबारे नियमित अपडेट लिने व्यवस्थासमेत गरिएको छ । कन्सुलर सेवा विभागमार्फत अनलाइन दर्ता प्लेटफर्म विकासको काम सुरू गरिएको जनाइएको छ । तर, कति नेपाली आपतकालीन अवस्थामा छन् भन्ने यकिन तथ्यांक भने छैन ।

सरकारले आकस्मिक उद्धार टोली गठन गर्ने निर्णय त गरेको छ । सम्भावित युद्धको अवस्था, त्यसको अवधि र सम्बन्धित देशहरूको तयारी प्रष्ट नभइसकेकाले तत्काल उद्धार रणनीति तय गर्न भने कठिन देखिन्छ । ती देशको बस्तुगत स्थिति आंकलन गरेर मात्र आवश्यक कदम चाल्नुपर्ने हुन्छ । आवश्यक परे तत्कालै उद्धार उडान गर्नेगरी सरकार तयारी अबस्थामा बस्नु जरूरी छ । सुरक्षित ट्रान्जिटको व्यवस्था मिलाउने र उद्धारका यी कार्यका लागि आवश्यक बजेट सुनिश्चित गर्नुपर्छ । विगतमा यस्ता संकटका बेला आपसी समन्वय र सूचना अभावले समस्या बढेको अनुभव छ । यसपटक त्यस्तो कमजोरी दोहोरिनु हुँदैन ।

हालसम्म प्राप्त सूचनाअनुसार अधिकांश नेपाली सुरक्षित रहेको पाइएको छ । तर परिस्थिती जुनसुकै बेला बिग्रन सक्छ । त्यसैले दूतावासहरू चौबिसै घण्टा सक्रिय रहनुपर्छ । विदेशमा रहेका नेपालीलाई नआत्तिन, आधिकारिक सूचना मात्र विश्वास गर्न र दूतावाससँग सम्पर्कमा रहन आग्रह गरिएजस्तै घर फर्किन चाहनेलाई सहज रूपमा उद्धार गर्न तत्परता देखाउनुपर्छ । सरकारले समस्यालाई गम्भीरताका साथ लिएको छ भन्ने आश्वस्त पार्न सके नेपालमा रहेका परिवारजन ढुक्क हुने अवस्था आउँछ । नेपालले कूटनीतिक संवाद र अन्तर्राष्ट्रिय कानून अनुसारै मध्यपूर्व युद्ध र विवाद समाधानको पक्षमा धारणा सार्वजनिक गरेको छ । नेपालको असंलग्न परराष्ट्र नीतिमा आफ्नो प्रतिबद्धता जाहेर गरेको छ । यो सन्तुलित र जिम्मेवार अडान हो । तर आफ्ना नागरिक रक्षा गर्नु पहिलो दायित्व हो । मध्यपूर्वमा रहेका लाखौं नेपालीको सुरक्षाका लागि निरन्तर निगरानी, प्रभावकारी समन्वय र तत्काल कार्यान्वयन योग्य योजना बनाएर तयारी अबस्थामा बस्न जरूरी छ ।

# फागुको आफ्नै संस्कृति

फागु धार्मिक तथा पौराणिक मात्रै नभई सामाजिक, आयुर्वेदिक सबै दृष्टिले पनि उत्कृष्ट पर्व हो । खराब प्रवृत्तिलाई त्यागेर सत्मार्गतिर लाग्नु र विजय देखाउनु फागु पर्वको मूल आशय पनि हो ।

धर्म/संस्कृति



● विश्वनाथ खरेल

फागु भनेको फागुन शुक्ल अष्टमीदेखि पूर्णिमासम्म परस्परमा रंग छ्यापेर तथा अबिर दलेर नाच्ने-गाउने गरी विभिन्न किसिमका रंगहरूले एक-अर्कामा रमाइलो मनाउने उत्सव हो । यही उत्सवलाई फागु अर्थात् होली नामबाट चिनिन्छ । यस पर्वलाई फागु वा होली भनेर उच्चारण गर्नका पछाडि फागुन महिनामा पर्ने धेरै चाडहरूमध्ये यो पर्व एउटा रमाइलो चाड हो । यो पर्व होलिका नामकी राक्षसीलाई मारेको खुसीमा मनाइने पर्व भएकाले होली या फागु भनिएको हो भन्ने किंवदन्ती छ । यसरी होलिका मरेको उपलक्ष्यमा सबैले खुसीयाली मनाउन होली खेल्ने चलन सुरु भएको कुरा भविष्यपुराणमा उल्लेख छ । यसर्थ वर्षमा एकचोटि आउने फागु चाड सभ्य तरिकाले कसैको इच्छाविपरीत रंग नलगाएर आफू-आफूमा मात्र खेल्यौँ भने मात्र सही अर्थमा होलीको महत्व रहन्छ । यो पर्व नेपाल र भारतलगायत विश्वभरि नै रमाइलो गरी मनाउने गरेको पाइन्छ ।

नेपाली समाजमा फागु पर्वलाई विशेष उल्लासमय वातावरणमा मनाउने गरिन्छ । हरेक वर्ष फागुन शुक्ल पूर्णिमाको दिन मनाइने यो पर्व यस वर्ष यही फागुन १८ गते सोमबार परेको छ । तर यसको सुरुवात भने एक साताअघि अर्थात् फागुन शुक्ल अष्टमीदेखि हुने गर्दछ । फागु पर्वले नयाँ उत्साह, जोस, जाँगर र नवीन ऊर्जालाई छताछुल्ल पार्दै सामाजिक एकता, सद्भाव, मैत्री र भाइचारा जगाउने गर्दछ । यो पर्वमा उराठलाग्दो चिसो मौसमलाई बिदा गर्दै बसन्तको सिर्जनात्मक बिहानी बोकेर आउने एकसाता लामो फागु उत्सवको उत्कर्ष फागु पूर्णिमा नै हो । यसमा पनि सबै जाति, सबै धर्म, सम्पूर्ण संस्कृतिप्रेमीको यो सिंगो चाड हाम्रो तराई क्षेत्रमा त झन् विशेष धूमधामका साथ मनाइन्छ । यसलाई मिथिलाञ्चलको जनकपुरदेखि सम्पूर्ण समथर भू-भाग र काठमाडौं उपत्यकालगायत पहाडी पवित्र होली उत्सवले चिनिने फागु पर्वलाई चिरदाहको रूपमा पनि लिइन्छ । असत्यमाथि सत्यको विजय, कुण्ठा, ईर्ष्या र वैमनस्यतामाथि सरल, सहज, द्वेषरहित र स्नेहको विजय उत्सवका रूपमा लिइने यस पर्वलाई मिथिली भाषामा 'संमत जलाउने' पनि भनिन्छ । विशेषगरी युवापुस्ताका लागि रंगीन र जीवन्त यो महोत्सव होलिका महोत्सवले पनि चिनिएको छ ।



हाम्रो यहाँ फागु पर्व विभिन्न नामले मनाइन्छ । फगुवा, होली, होरी आदि नामले मनाइने यो पर्वलाई रंगको उत्सव एवं आपसी सद्भावको महान् पर्व भन्दा फरक पर्दैन । यसलाई होली एवं फागु पर्व नेपाल र भारतमा मात्र नभएर विभिन्न रूपमा विश्वभरि नै धूमधामसँग मनाइन्छ । फलतः नेपाल र भारतमा भने एकै प्रकारले प्रेम, सद्भाव प्रकट गरी रंग, अबीर दलेर रंगीन पानी छ्यापेर, शुभकामना आदानप्रदान गरेर नाचगान गरी मनाउने गर्दै आइएको छ । यो चीन, जावा, श्रीलंकामा आगोको पूजा-अर्चना गरी फागु पर्व मनाइन्छ । त्यस्तैगरी बर्मा, थाइल्यान्डमा पानीको पूजा-अर्चना गरी बौद्ध मठमा गएर भिक्षुलाई दान दिई यो पर्व मनाउने गरिन्छ । त्यस्तै थाइल्यान्डमा 'साक्रान' र बर्मामा 'टिंगुला' नामको यो पर्व प्रचलित छ । त्यसरी नै जर्मनीमा इस्टरका रूपमा रंगीन पानी छ्यापेर नाचगान गरी यो पर्व मनाइन्छ भने इजिप्ट, जापान, सुमात्रा आदि देशमा नाचगान गर्दै नयाँ अन्नको स्वागत गरी पर्व मनाउने गरिन्छ । युनानमा यो पर्व मनाउन आगो बालेर नाचगान गरिन्छ भने स्वीडेन, फ्रान्स, इटाली, पोल्यान्डमा विशेषगरी नाचगान रमाइलो गरी मनाइन्छ । यसबाट फागु पर्वलाई एउटा खुसीयालीको विश्वव्यापी रंगीन पर्व मान्न सकिन्छ । तर हाम्रो मुलुकमा भने विशेषगरी पहाडी भेगमा पूर्णिमाको दिनमा र तराईमा पूर्णिमाको भोलिपल्ट धूमधामका साथ मनाइन्छ । त्यस्तैगरी मुलुकका सुदूरपश्चिमका थारु एवं थकाली सम्प्रदायले ठूलो महत्वका साथ मनाउने गर्दछन् । यसमा पनि थारुहरू फागु पर्वलाई नयाँ वर्षका रूपमा पनि मनाउँछन् ।

अन्तमा भन्नुपर्दा प्राचीन कालदेखि मनाउँदै आएका विभिन्न चाडपर्वहरूमध्ये फागु वा होली पनि एउटा विशेष महत्वको चाड हो । वस्तुतः फागुन शुक्ल अष्टमीका दिन चीर गाडी अबीर छरेर पूजा गरी सुरु गरिने चाड पूर्णिमाको रातमा चीर बालेपछि समाप्त हुन्छ । यो मुख्य होलीको दिन एकआपसमा अबीर दलादल गर्ने र मीठा-मीठा कुराहरू खाने चलन छ । यस फागुन शुक्ल पूर्णिमाका दिन आफन्तहरूबीच रंग र अबीरले रंगिएर बडो हर्षोल्लासका साथ मनाइने फागुपूर्णिमा अर्थात् होलीको प्रचलन कसरी आयो त भनी खोतल्ने हो भने विभिन्न धार्मिक कथाहरू भेटिन्छन्, जसको कारणले होली पर्व चलेको छ । मूलतः प्राचीनकालमा हिरण्यकश्यपु नामक राक्षसका प्रह्लाद नाम गरेका छोरा थिए, तर बाबु पापिष्ठ राक्षस भए तापनि छोरा प्रह्लाद भने बडो विष्णुभक्त थिए । तसर्थ बाबुले आफ्नो छोरालाई विभिन्न कोसिस गरेर आफ्नो बाटो अँगाल्न लगाउँदा पनि


> *वर्षमा एकचोटि आउने फागु चाड सभ्य तरिकाले कसैको इच्छाविपरीत रंग नलगाएर आफू-आफूमा मात्र खेल्यौँ भने मात्र सही अर्थमा होलीको महत्व रहन्छ ।*

भगवान् विष्णुको भक्त प्रह्लादको डेग नचलेपछि आफ्नी बहिनी होलिकालाई हिरण्यकश्यपुले छोरा प्रह्लादलाई आगोमा हालेर मार्न लगाए । तर प्रह्लादको विष्णुभक्तिका कारण आगोले नजल्ने वरदान पाएकी होलिका उल्टै भस्म भइन् भने प्रह्लादलाई आगोले केही गर्न सकेन । सोही खुसीयालीमा होली पर्व चलेको हो भन्ने किंवदन्ती छ ।

जसमा आफूभित्र भएका गलत प्रवृत्तिलाई त्यागेर सुमार्गतिर अभिप्रेरित हुन फागु पर्वले निर्देश गरेको देखिन्छ । फागु धार्मिक तथा पौराणिक मात्रै नभई सामाजिक, आयुर्वेदिक सबै दृष्टिले पनि उत्कृष्ट पर्व हो । यसमा खराब प्रवृत्तिलाई त्यागेर सत्मार्गतिर लाग्नु र विजय देखाउनु फागु पर्वको मूल आशय पनि हो । यसरी संस्कृति र सभ्यता समेतलाई नराम्रो गोरेटोमा धकेल्न थालेको फागु पर्वसम्बन्धी विसंगतिविरुद्ध एकजुट हुनुपर्ने वर्तमान अवस्थामा हरेक परिवारका खासगरी अभिभावकवर्ग विशेष सजग र सचेत हुनु अतिजरुरी देखिन्छ । यो पर्व वर्षमा एकचोटि आउने चाड सभ्य तरिकाले कसैको इच्छाविपरीत रंग नलगाएर आफू-आफूमा मात्र खेल्यौँ भने मात्र सही अर्थमा होलीको महत्व रहन्छ ।

## इतिहासमा आज


